नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/४/०७७/७८ मिति: २०७७/०४/२९

## सूचना

**इजाजतपत्रप्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण जोखिम दिनानुदिन बढ्दै गई रहेको हालको अवस्थामा **बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारी एवम् सेवाग्राहीको स्वास्थ्यलाई उच्च प्राथमिकतामा राखी न्यूनतम बैंकिङ सेवा सूचारु गर्नुपर्ने देखिएकोले** यस अघि जारी गरिएका सूचना तथा स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डहरु कायमै रहने गरी देहाय बमोजिमको उच्च सतर्कता सहित सेवा सुचारु गर्न/गराउन सूचित गरिन्छ ।

१. कोभिड-१९ संक्रमणको सक्रिय संक्रमित संख्या २०० भन्दा बढी भएका जिल्ला र काठमाण्डौं उपत्यकाका बैंक तथा वित्तीय संस्थाहरुले बढीमा ५० प्रतिशत कर्मचारी मात्र कार्यालयमा आलोपालो गरी उपस्थित भई कार्य सम्पादन गर्ने र बाँकी कर्मचारीलाई सुरक्षित रुपमा घरबाटै सम्पादन गर्न सकिने तोकिएका कार्यहरु गर्ने गरी Work From Home / Flexible Working Model को व्यवस्था मिलाई कार्य सम्पादन गराउने ।

२. सम्भव भएसम्म व्यक्तिगत भेटघाट एवम् सेवा प्रवाह विद्युतीय माध्यमबाट गर्न थप प्रोत्साहित गर्ने ।

३. अत्यावश्यक बाहेकका सबै प्रकारका बैठक, समीक्षा, गोष्ठी, सेमिनार, छलफल, भेला जस्ता सामूहिक जमघट हुने कार्यहरु नगर्ने/नगराउने ।

४. बैंकिङ सेवा प्रवाहका क्रममा कर्मचारीलाई आवश्यक पर्ने स्वास्थ्य सामाग्री (Face Masks, Gloves, Sanitizer, Face Shield, etc.), सुरक्षा प्रबन्ध Protective Barrier (e.g. Window, Glass Barrier, Rope, etc.) को अनिवार्य व्यवस्था गरी कार्यस्थलको सुरक्षामा कुनै कमी नरहने व्यवस्था गर्ने ।

५. बैंक तथा वित्तीय संस्थाले कोभिड-१९ सम्बन्धी समस्याको सहजीकरण र सम्पर्कका लागि एक कोभिड-१९ सुरक्षा व्यवस्थापन समूह (Covid-19, Safety Management Team (C-SMT)) गठन गर्ने ।

६. कोभिड-१९ बाट संक्रमित कर्मचारीलाई तुरुन्त व्यवस्थित रुपमा घर, अस्पताल वा होटलमा आइसोलेसनमा सुरक्षित राख्न आवश्यक व्यवस्था गर्ने र सोको सम्पूर्ण खर्च बैंक तथा वित्तीय संस्थाले व्यहोर्ने ।

७. संक्रमितको सम्पर्कमा आएका वा Contact Tracing मा परेका कर्मचारीलाई आवश्यकतानुसार घर वा होटलमा क्वारेण्टिनमा सुरक्षित राख्न आवश्यक व्यवस्था गर्ने र सोको सम्पूर्ण खर्च बैंक तथा वित्तीय संस्थाले व्यहोर्ने ।

८. आइसोलेसन तथा क्वारेण्टिनमा बसेका संक्रमित/ कर्मचारीको PCR Test को नतिजा Negative आएपश्चात् मात्र कार्यालय आउने व्यवस्था गर्ने ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

९. बैंक तथा वित्तीय संस्थाले अत्यावश्यक परी इलाका बाहिर खटाएका कर्मचारी संस्थामा फर्कदा PCR Test गराउने र नतिजा Negative आएपश्चात् मात्र कार्यालय आउने व्यवस्था गर्ने ।

१०. कर्मचारीको PCR Test गराउन लाग्ने सम्पूर्ण खर्च बैंक तथा वित्तीय संस्थाले व्यहोर्ने ।

११. आइसोलेसनमा बसेका कर्मचारीलाई आइसोलेसनमा रहने समयावधिमा तलब सहितको अतिरिक्त बिदाको व्यवस्था गर्ने तथा क्वारेण्टिनमा बसेका कर्मचारीलाई क्वारेण्टिनमा रहने समयावधीमा Work From Home को व्यवस्था गर्ने ।

१२. कर्मचारीको हाजिरीमा अतिरिक्त बिदा र Work From Home उल्लेख गर्ने व्यवस्था मिलाउने ।

१३. समुदायस्तरमा Covid-19 को संक्रमण फैलिई महामारीको विशेष अवस्था आइपर्न सक्ने परिस्थिति समेतलाई आँकलन गरी बैंक तथा वित्तीय संस्थाका अत्यावश्यकीय कार्यको निरन्तरताको लागि विस्तृत कार्ययोजना सहितको Contingency Plan तयार गर्ने ।

१४. माथि उल्लेखित सम्पूर्ण व्यवस्थाहरु कार्यान्वियन गर्न बैंक तथा वित्तीय संस्थामा गरिएका कार्यहरु/निर्णयहरु/आन्तरिक परिपत्रहरु मिति २०७७/०४/३० भित्र यस बैंकको email: nrbbfirdppd@nrb.org.np मा उपलब्ध गराउने ।

कार्यकारी निर्देशक